अन्नपूर्ण गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

पोखरेबगर, म्याग्दी

अन्नपूर्ण गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय पोखरेबगर, म्याग्दी गण्डकी प्रदेश, नेपाल

प. सं. : ०७९/०८०

च.नं. :

गण्डकी प्रदेश, नेपाल

---

**स्थानीय सेवा ( गठन तथा सञ्चालन ) अध्यादेश, २०७९ बमोजिम तहवृध्दि गर्ने सम्बन्धी सूचना**

**सूचना प्रकाशन मिति : २०७९/०६/२६**

**सूचना न. : ०१/ २०७९-८० ( तहवृध्दि )**

स्थानीय सेवा ( गठन तथा सञ्चालन ) अध्यादेश, २०७९ को दफा २८ बमोजिम तह वृध्दि हुने पदभन्दा एक तहमुनिको पदमा तोकिए वमोजिमको न्यूनतम सेवा अवधि पूरा भएका र तोकिए बमोजिमको पछिल्ला आर्थिक वर्षको कार्य सम्पन्न मूल्याङकनमा तोकिए बमोजिमको अङ्क प्राप्त गरेका कर्मचारीलाइ सम्बन्धित सेवा समूह वा उपसमूहभित्रको पदमा तहवृध्दि साथै सोही अध्यादेशको दफा ९ अनुसार दरबन्दी मिलान भई स्वत: माथिल्लो तह कायम गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ । स्थानीय सेवा ( गठन तथा सञ्चालन ) अध्यादेश, २०७९ को दफा ९ वमोजिमको योग्यता पूरा गरेका तथा दफा ३२ वमोजिमको नकारात्मक सूचिमा नपरेका, तहवृध्दि हुनेभन्दा एक तह मुनिको सम्बन्धित सेवा, समूह र उपसमूहको पदमा यस अन्नपूर्ण गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत स्थानीय सेवाका इच्छुक स्थायी कर्मचारीहरुले अन्नपूर्ण गाउँकार्यपालिकाको कार्यालयको वेवसाइट www.annapurnamunmyagdi.gov.np मा रहेको तहवृध्दिको आवेदन फारम डाउनलोड गरी फाराममा उल्लेखित विवरण खुलाई सम्भव भएसम्म नेपाली कागजमा प्रिन्ट गरी यस गाउँकार्यपालिका कार्यालयका प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गराई (दुई प्रति तयार गरी) मिति २०७९/०७/०१ गते सम्ममा यस गाउकार्यपालिका कार्यालयको प्रशासन शाखामा बुझाउनुहुन सूचित गरिन्छ। म्याद नाघी प्राप्त हुन आएका, अपुरो विवरण भरी पेश भएका र तोकिए वमोजिमका कागजात संलग्न नभएका आवेदन माथि कारवाही नगरिने व्यहारा समेत यस सूचना मार्फत जानकारी गराइन्छ।

२०७९/६/२६

प्रमुख प्रशासकीय अधिकृत